## बालबालिकाका लागि बाइबल

### को प्रस्तुती

# दानियल अनि रहस्यमय सपना



**लेखनः** Edward Hughes
**चित्रः** Jonathan Hay
**अनुवादः** Mrs. Trifaina Subba
**संयोजनः** Mary-Anne S.

story 32 of 60

**www.M1914.org**

***Bible for Children,*** *PO Box 3, Winnipeg, MB R3C 2G1 Canada*

**अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।**

**नेपाली** Nepali

राजा नबूकदनेसरले एउटा सपना देखे अनि उनलाई समस्या भयो। तर परमेष्वरको षक्तिद्वारा दानियलले ती सपनाको अर्थ राजालाई बताइदिए।



1

दानियलले पहिलो कुरो ठीकसित व्याख्या गरे। "हे महाराज, तपाईंले एउटा विषाल मूर्ति देख्नुभयो र त्यसको रूप अति भयंकर थियो।"



2



''त्यस मूर्तिको टाउको निखुर सुनको थियो'' भनी निरन्तर दानियलले भने।
3




''त्यसका छाती र हातहरू चाँदीका थिए।''
4




''त्यसका पेट र फिला पितलका थिए।''
5




''त्यसका गोड़ाहरू फलामका र त्यसका खुट्टाहरू केही फलामका र केही माटाका थिए।''
6




मूर्तिको विशयमा राजालाई दानियलले बताए पछि उनले राजालाई विश्राम लिन भनी भने।
7




''हजूरले हेरिरहनुहुँदा पहराबाट एउटा ढुंगा फोरियो, तर हातले होइन'' भनी दानियलले राजालाई भने।
8



“त्यो ढुंगा आएर मूर्तिको फलाम र माटाका खुट्टामा लाग्यो र ती चक्नाचूर पारिदियो।”
9




“त्यसपछि त्यो मूर्ति चक्नाचूर भएर धूलो भएर उड़ाए” दानियल रोकिए। “अनि त्यस मूर्तिमा लाग्ने ढुंगा बढ़दै एउटा ठूलो पहाड़ भएर सारा पृथ्वीलाई ढाक्यो।”
10




राजा छक्क परे। राजाले देखेका सपना त्यही थिए। कसरी दानियललाई थाह भयो? किनकि परमेष्वरले दानियललाई भनिदिए। त्यसपछि दानियलले राजालाई उनको सपनाको अर्थ भन्न षुरू गरे।
11




“स्वर्गका परमेष्वरले राज्य, सामथ्र्य, अधिकार र मान दिनुभएको छ” “हजूरनै त्यो सुनको टज़उको हुनुहुन्छ”
भनी दानियलले राजालाई बताइदिए।
12




सुनको राज्य खतम हुनेछ भनी दानियलले राजालाई बताइदिए। चाँदीको भागको अर्थ यो हो कि एक कमजोर राज्य खड़ा हुनेछ।
राज्य 1
राज्य 2
राज्य 3
अनि राज्य 4
13




पीतलको अर्थ अर्को राज्य हो। अनि फलाम अनि माटोले चैथो राज्यलाई बुझाउँदछ।
राज्य 1
राज्य 2
राज्य 3
अनि राज्य 4
14

दानियलले राजालाई बताएका अन्तिम कुरा यो थियो,
“स्वर्गका परमेष्वरले
एउटा राज्य
खड़ा गर्नुहुनेछ
जो कहिल्यै
नाष
हुनेछैन।”



15

राजाले जान्न सके
कि परमेष्वरले मात्र
दानियललाई सपनाको
अर्थ बुझ्न र जान्न
बुद्धि दिनुहुन्छ।
राजाले दानियललाई
उपहार दिए अनि
राज्यमा तिनलाई
महान व्यक्ति
बनाइदिए।



16



राज्य 1,
2 अनि 3
आउँछ र
जान्छ।
राज्य
4
पछि
परमेष्वरको
राज्य आउँदैछ।

17



परमेष्वर
पृथ्वीमा
राज्य
गर्न
आउँदैछ
अनि त्यो
चाड़ै हुनसक्छ।

18

## दानियल अनि रहस्यमय सपना

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

दानियल 2

**“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”**
**भजनसंग्रह ११९:१३०**

**हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो।**

**परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ।**

**यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भन: प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन। यूहन्ना ३:१६**

**दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर!**